


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैर कानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन १७ गते मंगलबार ❑ 1 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## व्याख्यात्मक घोषणासहित एमसिसी अनुमोदनसँगै मुलुक दुर्घटनाबाट बच्यो : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १६ फागुन**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको सङ्घर्षको क्रममा प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्न प्रतिनिधिसभाबाट व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता अनुमोदन गर्ने उपायको खोजी गरिएको स्पष्ट पार्नुभएको छ ।

सोमबार आफ्नै निवास खुमलटारमा आयोजित पत्रकार सम्मेलनमा उहाँले राजनीतिक उपलब्धि खतरामा पर्नुका साथै शान्ति प्रक्रिया धरापमा पुग्ने अवस्थामा देखिएकाले व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौतालाई अनुमोदन गरिएको बताउनुभयो । "संसद्बाट व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता अनुमोदन भएपछि देश दुर्घटनाबाट बचेको छ, संविधान बचेको छ", उहाँले भन्नुभयो, "गठबन्धन बच्ने त खासै ठूलो कुरा रहेन, मुलुक प्रतिगामीको हातमा जानबाट बचेको छ, यसले कानूनी र वैधानिक बाटो प्राप्त गरेको छ, एमसिसी अनुमोदन भएपछि म निकै खुसी छु ।" एमसिसीलाई निष्कर्षमा पुऱ्याउन आफूले सुरुदेखि नै निरन्तर पहलकदमी लिइरहेको उहाँले बताउनुभयो ।

"एमसिसी अनुमोदन नहुँदा सरकार परिवर्तन मात्र नभई प्राप्त उपलब्धि नै उल्टने खतरा थियो, गठबन्धन तोड्दै नयाँ समीकरण बनाउने तयारी अगाडि बढेको थियो", उहाँले भन्नुभयो, "प्राप्त उपलब्धिलाई दुर्घटना हुन नदिन उपायको खोजी गर्नुपऱ्यो ।"

एमसिसीलाई राष्ट्रिय सहमतिका साथ निष्कर्षमा पुऱ्याउँछु भनेर आफूले पहल गर्दा दोहोरो भूमिका खेलेको आरोप लगाइएकामा आपत्ति प्रकट गर्दै अध्यक्ष दाहालले एमसिसीकै कारण मुलुक, संविधान र लोकतन्त्र धरापमा पर्ने अवस्था देखिएपछि यसलाई व्याख्यात्मक घोषणासहित अगाडि बढाइएको बताउनुभयो । एमसिसीलाई लिएर अर्को गठबन्धन बन्ने स्थिति देखिएपछि एमसिसी सम्झौतालाई राष्ट्रिय हितअनुकूल बनाउने उपायको खोजीमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का पूर्वमहासचिव डा अर्जुनबहादुर थापासँग छलफल गरिएको समेत उहाँले बताउनुभयो । "डा थापा र बेलायतमा रहेका अन्तरर्राष्ट्रिय कानूनका विज्ञ सूर्यप्रसाद सुवेदीलगायत नेपालमै रहेका केही कानुनविद्ले व्याख्यात्मक घोषणासहित सम्झौता संसद्बाट अनुमोदन गर्दा कानुनी मान्यता पाउने जानकारी गराउनुभयो, त्यसपछि म विस्वस्त भएँ", अध्यक्ष दाहालले भन्नुभयो ।

व्याख्यात्मक घोषणालाई समेत केही राजनीतिक दलका जिम्मेवार नेताले हल्का रूपमा लिएको विषयप्रति लक्षित गर्दै उहाँले अन्तर्राष्ट्रिय कानुनी मान्यता प्राप्त गर्ने उद्देश्यले सम्झौता र घोषणा पत्र एकसाथ अनुमोदन गरिएको बताउनुभयो । "व्याख्यात्मक घोषणा, सङ्कल्प प्रस्ताव समान्य विषय होइनन्, अन्तर्राष्ट्रिय कानूनद्वारा स्थापित विधि हुन्", उहाँले भन्नुभयो, "यसबाट नेपाली समाज विभाजित हुनबाट रोकिएको छ, हामी सबैले गर्व गर्नुपर्छ ।"

एमसिसीलाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले नेकपा कालमै आफूले सङ्कल्प प्रस्तावसहित अनुमोदन गर्ने प्रस्ताव पार्टीमा राखेको भए पनि त्यसलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अस्वीकार गरेको उहाँले बताउनुभयो । उक्त प्रस्ताव तत्कालीन प्रतिपक्षी नेपाली कांग्रेससँग पनि राखेको जानकारी दिँदै उहाँले भन्नुभयो, "नेपाली कांग्रेस यसमा सहमत थियो, तर अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्झौताको एक अक्षर पनि परिवर्तन हुँदैन भन्नुभयो, त्यसपछि संसद् विघटन के के भयो ?"

## शिवरात्रिमा पुम्दीकोट बिशाल महादेवको मुर्तिमा भक्तजनालाई खुल्ला हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**



पोखरा २२ स्थित पुम्दी भुम्दीको पुम्दीकोट बिशाल महादेवको मुर्तिमा मंगलबार शिवरात्रि पर्वको अवसरमा भक्तजनहरुलाई पुजा सहित दुध चढाउन खुल्ला गरिने भएको छ ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिवरात्रिको अवसरमा बिहानै देखि शिवका भक्तहरुलाई पुजा सहित दुध चढाउनको लागि भक्तजनलाई खुल्ला गरिने भएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए । उनले भने "यसपाली हामीले औपचारिक उद्घाटन सहितको भव्य रुपमा शिवरात्रिमा पुजा गर्ने तयारी पुगेन, बिशाल महादेवको मुर्तिमा दर्शन गर्न आएका दर्शनार्थीहरुलाई भने हामीले पुजा सहित दुध चढाउने व्याबस्था भने मिलाउने छौं ।" मंगलबार सुरक्षाकर्मी सहितको केही स्वयम सेवकहरु समेत परिचालन हुने भएको अध्यक्ष बरालले बताए । उक्त बिशाल महादेवको मुर्ति निर्माण परियोजनाका केही भौतिक काम बाँकी रहेकोले शिवरात्रिको अवसरमा स्वच्छिक रुपमा सहयोग गर्नेहरुको लागि समेत स्वागत गरिने भएको समितिले जनाएको छ ।

उक्त परियोजनाको करिब ५० प्रतिशत काम सकिदा २० करोड लगानी भएको उनले जनाए । उक्त परियोजनामा संघिय सरकारले ४ करोड, गण्डकी प्रदेश सरकारले ३ करोड र पोखरा महानगरपालिकाले १ करोड ५० लाख आर्थिक सहयोग प्राप्त भएको अध्यक्ष बरालले जनाए ।

## प्रेस चौतारी गण्डकी प्रदेशको अधिवेशन बिहीबार हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

प्रेस चौतारी नेपाल गण्डकी प्रदेश कमिटीको ऐतिहासिक प्रथम अधिवेशन फागुन १९ गते बिहीबार पोखरामा हुने भएको छ । साइमन पार्टी प्यालेस सिर्जनाचोकमा बिहान १० बजे सूरु हुने अधिवेशनको तयारीलाई तिव्रता दिइएको अध्यक्ष सुष्मा पौडेलले जानकारी दिनुभयो ।

प्रदेश अधिवेशनलाई भव्य बनाउन आयोजक समिति निर्माण गरेर कार्य अगाडि बढाइएको अध्यक्ष पौडेलको भनाई छ । 'प्रेस चौतारी नेपाल गण्डकी प्रदेश कमिटीको प्रथम अधिवेशन बिहिबार हुँदैछ, अधिवेशनको तयारीमा तिव्रता दिदैं भव्य बनाउने प्रयास गर्दैछौं' अध्यक्ष पौडेलले भन्नुभयो । अधिवेशनमा गण्डकी प्रदेशका ११ जिल्लाका २ सय ५० जना प्रतिनिधि सहभागी हुनेछन् । गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा हुने अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्नेछ । बहुदलिय लोकतान्त्रिक परिपाटीको प्रवर्द्धन, खोजपूर्ण, व्यवसायिक एवं अनुसन्धानमुलक पत्रकारिता सम्बद्ध क्रियाकलापहरुको सञ्चालन, पेशागत सिप र पत्रकारको वृत्ति विकासमा सहयोग पुऱ्याउने कार्यमा प्रेस चौतारी नेपाल सधैं अग्रपंक्तिमा रहने गरेको छ । यो संगठन श्रमजीवि पत्रकारको हित रक्षाको लागि निरन्तर क्रियाशिल रहदै आएको छ ।

२०५५ साल मंसिरमा स्थापना भएको प्रेस चौतारी नेपालको नवौं राष्ट्रिय महाधिवेशन समेत फागुन २७ र २८ गते पोखरामा हुँदैछ । विभिन्न उपसमितिको क्रियाशिलता कारण राष्ट्रिय महाधिवेशनको रौनक पोखरामा बढ्न थालेको छ । राष्ट्रिय महाधिवेशनको उद्घाटन फागुन २७ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुनेछ ।

## 'कोरोना प्रभावित पर्यटनको पुनरुत्थान प्राथमिकता'

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले कोरोना प्रभावित पर्यटनको पुनरुत्थान सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) को चौथो वार्षिक साधारणसभाको सोमबार पोखरामा उद्घाटन गर्दै उहाँले कोरोनाले पर्यटन व्यवसाय नराम्रोसँग प्रभावित भएको र यसको पुनरुत्थानका लागि सरकारले विभिन्न कार्यक्रम अघि सारेको बताउनुभयो । कोरोना प्रभावित व्यवसायलाई राहत उपलब्ध गराउने उद्देश्यका साथ व्यवसाय जीवन रक्षा कोष, कर्मचारी पर्यटन बिदा र पर्यटन मजदुर लक्षित राहत कार्यक्रम आदि अघि सारिएको उहाँले जानकारी गराउनुभयो ।

टेवानले महिला पर्यटन व्यवसायीलाई सङ्गठित गर्दै विभिन्न कार्यक्रम अघि बढाएकामा प्रशंसा गर्दै उहाँले मन्त्रालयका तर्फबाट क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

टेवानका अध्यक्ष रेनु थापाले 'दिगो पर्यटनका लागि समान सहभागिता' भन्ने नाराका साथ संस्था विभिन्न कार्यक्रमसहित बढिरहेको बताउँदै संस्थामा आबद्ध सदस्यको क्षमता एवम् सीप अभिवृद्धिका लागि महिला सशक्तिकरण तथा व्यावसायिक क्षमता अभिवृद्धि तालिम गर्ने बताउनुभयो । विभिन्न आरोह अवरोहबीच संस्था अघि बढेको बताउँदै उहाँले पर्यटन व्यवसायमा आबद्ध महिलाको उद्यमशीलता अभिवृद्धि गर्ने बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले आर्थिक व्यवस्थापन नहुँदासम्म व्यवसाय राम्रो हुन नसक्ने बताउँदै कोरोना प्रभावित व्यवसायीलाई सरकारको साथ र सहयोग आवश्यक हुने बताउनुभयो ।

आन्तरिक पर्यटनको पुनरुत्थान अहिलेको आवश्यकता भएको बताउँदै उहाँले सरकारका नीतिनियम पर्यटन व्यवसाय मैत्री हुनुपर्नेमा जोड दिनुभयो । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष एवम् नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले कोरोना प्रभावित व्यवसायीका लागि तीनवटै सरकारले अघि सारेका राहत प्याकेज लक्षित वर्गसम्म पुग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका-६ का वडाअध्यक्ष जगत पहारी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल, टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका प्रथम उपाध्यक्ष धर्मराज पन्थी, हान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष लक्ष्मण सुवेदी, सङ्घका महासचिव शोभा न्यौपाने पाण्डे, सङ्घका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक कमला गिरी लगायतले पर्यटन व्यवसायी महिला सङ्घका गतिविधिबारे प्रकाश पार्नुभएको थियो ।

## थप १८० जनामा संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १६ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप १८० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने थप एक जनाले ज्यान गुमाएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ३४१ को परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पिसीआर विधीबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७६ हजार ९८४ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३९ हजार हजार ३८७ रहेको छ । पछिल्लो समय थप ४०० जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५६ हजार ४१३ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९७ दशमलव ९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९३६ पुगेको छ भने आज थप एक जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी पछिल्लो समय एक लाख ४१ हजार १२१ ले खोप लगाएको पनि मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ८ हजार २३५ रहेको छ । अहिले होम आइसोलेशनमा आठ हजार २१ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा २१४ आइसीयुमा ८० र भेन्टिलेटरमा ६ जनाले उपचार गराईरहेका छन् ।


## २४४ नेपाली सुरक्षित गन्तव्यमा

**रासस**
**काठमाडौं, १६ फागुन**

रुस-युक्रेन द्वन्द्वका कारण प्रभावित २४४ नेपाली सुरक्षित रुपमा आफ्नो गन्तव्यमा पुगेका छन् । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) द्वारा गठित 'रुस-युक्रेन द्वन्द्वप्रभावित नेपालीको सहयोग एवं उद्धार उच्चस्तरीय समिति'ले नेपाली सुरक्षित रुपमा गन्तव्यमा पुगेको जनाएको छ ।

सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै समितिले युक्रेन छाडेर पोल्याण्डामा ६०, स्लोभाकिया र रोमानियामा १२/१२, हङ्गेरीमा चार र माल्डावामा दुईजना सकुशल पुगेका जनाएको छ । सुरक्षित गन्तव्यमा जाने क्रममा पोल्याण्डको सीमामा १३०, स्लोभाकियाको सीमामा १२, रोमानियाको सीमामा १० र माल्डावाको सीमामा दुई नेपालीहरु दोस्रोमूलुक जान रोकिएका छन् । उनीहरुले सोमबार साँझसम्म सीमा क्रस गर्न सक्ने अनुमान गरिएको छ । गैरआवासीय नेपाली सङ्घ युक्रेनका अनुसार युक्रेनभित्र ४० परिवार स्थायी रुपमा बसोबास गर्दै आएका छन् । उच्चस्तरीय समितिका अध्यक्ष जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काको अध्यक्षतामा आइतबार बसेको बैठकले युद्धका कारणले विस्थापित नेपालीलाई सुरक्षित स्थानान्तणका लागि आवश्यक पहल गर्ने निर्णय गरेको थियो ।

बैठकमा राजदूत खड्काले युक्रेनबाट विस्थापित ३४ नेपालीलाई दूतावासले यात्रा अनुमतिपत्र जारी गरेको जानकारी गराउनुभएको थियो । उच्चस्तरीय समितिका संयोजक तथा एनआरएनएका उपाध्यक्ष डा बद्री केसीले सङ्घका अध्यक्ष कुमार पन्त नेपालीको उद्धारका लागि पोल्याण्डको सीमा क्षेत्रमा आफैं परिचालित भएको जानकारी दिनुभयो ।



# अन्नपूर्ण गाउँपालिकाका नवनिर्मित वडाकार्यालय भवनको अनुगमन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका बिभिन्न तीन वटा वडाकार्यालय भवन निर्माण सम्पन्न गरिएको छ।

जिल्ला समन्वय समिति कास्की र गाउँपालिकाको साझेदारी अन्तर्गत कूल दुई करोड ९ लाख ५४ हजार रुपैयाको लागतमा वडा नं. ३,४ र ५ वडाकार्यालय भवन निर्माण सम्पन्न गरिएको हो। गाउँपालिकाका वडा नं. ३ पाहुँदुरमा ६९ लाख ८८ हजार ७४९ रुपैया, वाँसखर्कमा ६९ लाख ३० हजार ५११ रुपैयाको लागतमा वडा नं. ४ र झोवाङस्थित ७० लाख ३५ हजार ५६६ रुपैयाको लागतमा वडा नं. ५ को वडाकार्यालय भवन निर्माण गरि सञ्चालनमा आएका हुन। दुईतल्ले सुविधा सम्पन्न उक्त पक्कि भवन निर्माणका लागि साझेदारी कार्यक्रम अनुसार कूल लागतको ६० प्रतिशत जिल्ला समन्वय समिति कास्की र ४० प्रतिशत गाँउपालिकाले व्यहोर्ने व्यवस्था छ। जिल्ला समन्वय समिति कास्कीका प्रमुख वैन बहादुर अधिकारी क्षेत्रीको नेतृत्वमा गएको एक टोलीले नवनिर्मित भौतिक पूर्वाधार एवम् सेवा प्रवाहका बारेमा स्थलगत अनुगमन गरि जानकारी लिएको छ। सो अवसरमा समन्वय प्रमुख अधिकारीले जनतालाई छिटोछरितो एवम् प्रविधियुक्त सेवा प्रदान गर्न भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। समन्वय समितिको मौज्दात कोषबाट जिल्लाका पाँचवटै पालिकामा प्रशासकीय भवन तथा वडाकार्यालय भवन निर्माणमा जोड दिदै आएको बताउँदै उहाँले गुणस्तरीय भौतिक संरचना निर्माणमा प्राविधिकको वर्ग सचेत हुनुपर्नेमा जोड दिनुभयो।



अनुगमन टोलीमा समन्वय उपप्रमुख सावित्री भण्डारी, सदस्यहरु बृहस्पति सापकोटा, विष्णुप्रसाद पौडेल,गुमादेवी अधिकारी, सितादेवी विश्वकर्मा, जिल्ला समन्वय अधिकारी नवराज बराल, अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेल एवम् प्राविधिकहरुको सहभागिता रहेको थियो। सो अवसरमा वडा नं. ३ का वडाअध्यक्ष चन्द्रबहादुर गुरुङ, ४ का अध्यक्ष भरत के.सी र ५ का वडासचिव युवराज गुरुङ सहित गाउँपालिकाका प्राविधिकले भवन निर्माण तथा सेवा प्रवाहका बारेमा जानकारी गराउनु भएको थियो। टोलीले अन्नपूर्ण गाउँपालिका वडा नं. ५ झोवाङस्थित पर्यटकीय स्थल शितलगुफामा निर्माण भई रहेको बिभिन्न संरचनाका बारेमा पनि जानकारी लिएको थियो।

उक्त गुफा परिसरमा २५ लाख ५१ हजार ८९० को लागतमा १०८ गौमुखे धारा निर्माण गरिएको छ। जसका लागि जिल्ला समन्वय समितिको १७ लाख ८६ हजार ३२३ र बाँकी गाउँपालिकाबाट आर्थिक सहयोग प्राप्त भएको थियो।

# सामुदायिक प्रहरी सेवा माटेपानीको रक्तदानमा ६४ युनिट रगत

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा -१२ माटेपानीको आयोजनामा आइतवार १७ औं खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भयो।

सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत 'रक्तदान जीवनदान, जीवनदान महादान' भन्ने मुल नाराको साथमा गौडाकोमुखमा सो कार्यक्रम भएको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरिक्षक सुन्दर तिवारीले कुनै पनि विद्धावनले कुनै प्रयोगशालामा मानिसको रगत बनाउन नसक्ने र रगतको अभावले मृत्यको मुखमा पुगेकालाई बचाउन सक्नेबारे चर्चा गरे। सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१२ का अध्यक्ष मिरा देवी आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. १३ का वडा अध्यक्ष दर्शन लामा, वडा नं. १४ का वडा अध्यक्ष प्रेम बहादुर कार्की,



सशस्त्र प्रहरी निरिक्षक यमबहादुर बस्नेत, सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा, जिल्ला समन्वय समिति कास्की अध्यक्ष बोधराज कार्की, सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१२ का संस्थापक अध्यक्ष मायादेवी तझ्या, केन्द्रका निवर्तमान अध्यक्ष बल बहादुर कार्की, स्वयंमसेवी रक्तदाता समाज कास्कीका अध्यक्ष जितेन्द्रमान शाक्य र लालीगुँरास आमा समुहका अध्यक्ष भगवती शर्मा बाँस्तोला लगायतले आ-आफ्नो मन्तव्य राखेका थिए।

रक्तदान कार्यक्रममा पदमराज अधिकारी, रामचन्द्र कुँवर, थमन बहादुर गुरुङ, नेत्र बहादुर तिमिल्सिना र किरण सग्देल लगायत विभिन्न संघ संघ संस्था, आमा समुह, टोल बिकास समिति र व्यापार व्यवसायिक व्यक्तिहरुले आर्थिक तथा जिन्सी सामान सहयोग गरेका थिए। कार्यक्रममा पुरुष ५८ जना महिला ६ जना जम्मा ६४ जनाले रक्तदान गरेका थिए। कार्यक्रम संयोजक एवं संस्थाका कोषाध्याक्ष किरण सिग्देलले स्वागत, संस्थाका उपाध्यक्ष इन्दिरा पन्त आचार्य र सचिब नेत्र बहादुर तिमिल्सिनाले कार्यक्रम संचालन गरेका थिए।

# दिप आईटीको आयोजनामा अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

पोखरामा किन्डर गार्डेन मन्टेश्वरीदेखि कक्षा १२ सम्मको क्षेत्रमा सूचना प्रविधि, सीपको महत्व र शैक्षिक रूपान्तरण विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। पोखराको सिर्जनाचोकमा रहेको माइक्रोसफ्टको नेपालको लागि राष्ट्रिय पार्टनर दिप आईटी एण्ड एजुकेसनल कन्सल्टेन्सी तथा दिप कम्प्युटर इन्ष्टिच्युटको आयोजनामा कार्यक्रम आयोजना गरिएको हो।

नेपाल सरकारका पुर्व गृह मन्त्री एवं प्रतिनिधि सभाका सांसद खगराज अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै अधिकारीले सुचना प्रविधि क्षेत्रको बारेमा अभिभावकलाई पनि सिकाउनु जरुरी रहेको बताउनुभयो। कोभिडले सुचना प्रविधिसँग शिक्षालाई रुपान्तरण हुन सिकाएको उहाँको भनाई थियो। विद्यालय तहबाटनै सुचना प्रविधिलाई उच्चतम प्रयोग गर्ने गरी पाठ्यक्रमलाई विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख तोयनाथ लम्सालले अब हरेक शिक्षक कम्प्युटर शिक्षक हुनु जरुरी रहेको बताउनुभयो। शिक्षकलाई प्रविधिमैत्री बनाउदै शिक्षा पद्धती परिवर्तन गर्नुपर्ने उहाँले सुनाउनुभयो। गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रमुख अम्बिका प्रसाद आचार्यले माध्यमिक विद्यालयमा मात्र केन्द्रित नभई सानो कक्षा देखी कलेज लेभल सम्म नै परिवर्तनको जरुरी रहेको औल्याउनुभयो।

संस्थागत एवं निजी विद्यालय संगठन (युनिप्स) नेपाल, केन्द्रिय अध्यक्ष शान्तबहादुर गुरुङले सबै एकै पटकमा परिवर्तन नहुने भएकोले जे सम्भव छ त्यसैलाई अगाडी बढाउनु जरुरी रहेको बताउनुभयो। पहिलो चरणमा माईक्रोसफ्ट अफिसको दिप आईटी एण्ड एजुकेसनल कन्सल्टेन्सीले अगाडी बढाईरहेको माइक्रोसफ्टको, माइक्रोसफ्ट अफिस स्पेसलिस्ट वल्ड च्याम्पियनसीपमा कक्षा आठमा माईक्रोसफ्ट वर्ड, कक्षा नौ मा माईक्रोसफ्ट पावरपोईन्ट र कक्षा दशमा माईक्रोसफ्ट एक्सललाई अनिवार्य गर्दै कम्पनी सर्टिफाई गर्नुपर्ने धारणा उहाँको थियो।

कार्यक्रममा बोल्दै दक्षिण एसियाली देशहरुको माईक्रोसफ्ट पार्टनर संकल्प वल्ड च्याप्पियनसिपका डाइरेक्टर शंकरन चतुरले आजको समयमा शिक्षा तथा शैक्षिक पद्धतीलाई रुपान्तरण गर्दै विद्यार्थीहरुलाई अगाडी बढाउन जरुरी रहेको बताउनुभयो। नेपालमा विभिन्न सुचना प्रविधिसँग सम्बन्धी कार्यक्रमहरु दिप आईटी मार्फत भैरहेको र त्यस कार्यमा सबैको साथ कार्यगत रुपमा हुनु जरुरी रहेको बताउनुभयो। आयोजकसंस्थाकासिईयोदिनेश लामिछानेले, सुचना प्रविधिको शैक्षिक रुपान्तरणको लागी केन्द्रिय स्तरबाट केन्द्र सरकार, प्रदेशिक स्तरबाट प्रदेश सरकार सहित सबैले आफ्नो ठाँउबाट कार्य गरेमा रुपान्तरण सम्भव रहेको सुनाउनुभयो। पहिलो चरणमा कक्षा आठमा माईक्रोसफ्ट वर्ड, कक्षा नौ मा माईक्रोसफ्ट पावरपोईन्ट र कक्षा दशमा माईक्रोसफ्ट एक्सललाई अनिवार्य गर्दै कम्पनी सर्टिफाई गरेमा कक्षा दश पछि विद्यार्थीहरु बेसिक डिप्लोमा कोर्स होईन एडभान्स कोर्सहरुमा अगाडी बढ्न सक्ने उहाँले बताउनुभयो।

सोही कार्यक्रममा बोलदै कम्प्युटर एसोसिएशन अफ नेपाल क्यान महासंघ, सचिव तथा कास्की अध्यक्ष रुक्मांगत भण्डारीले बिद्यालय तहमा नै बेसिक डिप्लोमा लेभलमा कम्पनि सर्टिफाई सम्मको रहेमा कम्प्युटर इन्ष्टिच्युटहरु माथिल्लो तहको कोर्सहरु गराउनको लागि आतुर रहेको जानकारी गराउनुभयो।

संस्थाकी संस्थापक सबिना लामिछानेको अध्यक्षतामा कार्यक्रमको सहजिकरण संस्थाकी कार्यलय सचिव समिक्षा अधिकारीले गर्नुभएको थियो। दिप आईटी एण्ड एजुकेसनल कन्सल्टेन्सीतथा दिप कम्प्युटर इन्ष्टिच्युटले माइक्रोसफ्टको, माइक्रोसफ्ट अफिस स्पेसलिस्ट वल्ड च्याम्पियनसीपको जिल्ला स्तरिय र राष्ट्रिय स्तरको प्रतियोगीता सञ्चालन पनि गर्दै आईरहेको छ। हाल संस्थाले देशभर १७ पार्टनरहरुको माध्यमद्वारा ४५ जिल्लामा आफ्ना कार्य सञ्चालन गरिरहेको छ। आगामी वर्ष देशका ६५ भन्दा बढी जिल्लामा आफ्ना कार्यक्रम पुर्याउने लक्ष्य लिएका सिईओ लामिछानेले जानकारी दिनुभयो।

# कास्कीको मादी ६ मा काँग्रेसको टोल कार्यसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ फागुन**

नेपाली काँग्रेसले कास्कीको मादी गाउँपालिका वडा नं ६ मा टोल कार्यसमिति गठन गरेको छ। भेलाले चाँसुमा रवी बराल, चिप्लीमा सुक बहादुर गुरुङ, राम्चेमा अनिष ढुङ्गाना, भूमेमा उत्तरसिंह गुरुङ, सयपत्रीमा गणेश गुरुङ र सजुक भेडीखर्कमा रमेश अधिकारी क्षत्रीको अध्यक्षतामा टोल समिति गठन गरेको हो।

नेपाली काँग्रेस कास्कीको माघ ८ गतेको बैठकले जिल्लाका सबै वडामा टोल समिति गठन गर्ने निर्णय अनुसार सो वडामा पनि गठन गरिएको हो। समिति गठनका लागि नेपाली काँग्रेसका सहसचिव नवीन सिग्देलको नेतृत्वमा प्रदेश अधिवेशन प्रतिनिधि सरिता कार्की लोभिसा, युवा नेता विशाल गुरुङको टोली पुगेको थियो। टोलहरुमा आयोजित भेलामा बोल्दै कास्की काँग्रेसका सहसचिव नवीन सिग्देलले काँग्रेस टोल टोलमा पुग्दा जनतामा खुशी छाएको बताउनुभयो। उहाँले पार्टीको भविष्य सम्पूर्ण कार्यकर्ताको काँधमा रहेकाले जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो। प्रदेश अधिवेशन प्रतिनिधि सरिता कार्की लोभिसाले काँग्रेसले मात्रै जनताको हित गर्ने उल्लेख गर्नुभयो। उहाँले मुलुक र जनताको भविष्यका लागि काँग्रेसलाई साथ दिन आग्रह गर्नुभयो। नेपाली काँग्रेस मादी गाउँपालिका वडा नं ६ का वडा कार्यसमिति सभापति भिमप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश अधिवेशन प्रतिनिधि खिम जिसी, अग्रज नेता नन्दराज गुरुङ, युवा नेता विशाल गुरुङ, क्षेत्रीय प्रतिनिधि सुरेन्द्रजंग क्षेत्री र इकाइ सचिव सन्तोष गुरुङले बोल्नुभएको थियो।

# एमसिसी पास गर्न सहयोग गर्ने सबैलाई सरकारको धन्यवाद

**रासस**
**काठमाडौं, १६ फागुन**

नेपाल सरकारले मिलेनियम च्यालेञ्ज कर्पोरेशन, एमसिसीसम्बन्धी सम्झौतालाई संसद्‌बाट पारित गराउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद्‌को बैठकले सो सम्झौता सङ्घीय संसद्, प्रतिनिधिसभाबाट अनुमोदन गराउन आवश्यक सहज वातावरण निर्माण गरी सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको हो। यसका लागि सहज वातावरण बनाइदिने सरकारमा सहभागी तथा गठबन्धनमा आबद्ध राजनीतिक दलहरू, प्रमुख प्रतिपक्ष दललगायतका अन्य राजनीतिक दल, सभामुख र प्रतिनिधिसभाका सदस्यहरू सबैलाई आजको मन्त्रिपरिषद्‌को बैठकले धन्यवाद ज्ञापन गरेको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो। त्यसैगरी सरकारले यसका लागि प्राप्त सहयोग र सद्भावप्रति सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरू, नागरिक समाज, सञ्चार जगत्, बुद्धिजीवी, उद्योगी व्यवसायी सबैमा धन्यवाद व्यक्त गरेको छ। बैठकले सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने नेपालको परराष्ट्र नीतिको मर्मअनुरूप छिमेकी मित्र राष्ट्रहरू भारत, चीनलगायत अन्य कुनै पनि मित्र राष्ट्रका विरुद्ध नेपाली भूमि प्रयोग हुन नदिन पनि नेपाल सरकार प्रतिबद्ध रहेको जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# गठबन्धनमा चलाखी बन्ने काम

प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भएपछि सत्ता गठबन्धनबाट राष्ट्रिय जनमोर्चा अलग भएको छ । अमेरिकी सहयोग मिलिनियम च्यालेन्ज कर्पोरेसन एमसीसी खारेजीको माग गर्दै आएको जनमोर्चाले विपक्षमा मत दिएको थियो । केपी शर्मा ओली नेतृत्वको सरकार ढाल्न काङ्ग्रेस नेतृत्वको गठबन्धनमा जनमोर्चा सामेल थियो । जनमोर्चाले प्रतिनिधि सभा विघटनलाई प्रतिगमनकारी कदम भन्दै विरोधमा लागेको थियो । एमाले नेतृत्वको गण्डकी प्रदेश सरकार ढाल्न आफ्नै सांसदलाई हटाउने काम गरेको थियो । काङ्ग्रेस नेतृत्वमा सरकार बनाउन ताप्के भन्दा बीँड बढी ताल्ने जस्तो देखिन्थ्यो ।

जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सोमबार प्रेस विज्ञप्ति जारी गरी गठबन्धनबाट अलग भएको घोषणा गरेका छन । जनमोर्चाको केन्द्रीय सचिवालय बैठकले गठबन्धनबाट अलग हुने निर्णय गरेको सार्वजनिक भएको छ । 'पाँच दलीय गठबन्धनभित्रको जनमोर्चा बाहेकका चार पार्टीले एमसीसीलाई संसद्वारा पारित गराउन पुराना मान्यता छाडेको छन । संसदबाट पारित गराउन गरेको षड्यन्त्र, जालझेल, तिकडम र साम्राज्यवादीको दलाली तथा पृष्ठपोषण गर्ने काम गरेको जनमोर्चाको आरोप छ । पाँच दलीय गठबन्धन देशको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको विरुद्ध खडा भएको स्थितिमा पाँच दलीय गठबन्धनलाई कायम राखिरहनुपर्ने औचित्य समाप्त भएको छ,' अध्यक्ष केसीले भनेका छन् । 'गठबन्धनबाट देशको सार्वभौमसत्ता र अखण्डतालाई गम्भीर क्षति पुगेकाले त्यसबाट हाम्रो पार्टी आजकै मितिदेखि अलग भएको घोषणा समेत गर्दछौं ।'

एमसीसीलाई प्रतिनिधि सभाबाट अनुमोदन गराउन अपनाइएको मतदान प्रक्रियामा पनि जनमोर्चाले विरोध जनाएको छ । 'सम्पूर्ण नेपाली जनता सडकमा उत्रेको अवस्थामा जालझेल गरेर ध्वनि मतका आधारमा त्यसलाई पारित गरियो । यदि अल्पमत बहुमतको विधि अनुसार मत विभाजन गरेको भए एमसीसीलाई विद्यमान अवस्थामा अनुमोदन गर्न सरकारका लागि मुश्किल पर्ने भएको हुनाले नै ध्वनि मतको सहारा लिएर अनुमोदन गर्ने काम भएको छ, जनमोर्चाले भनेको छ । सरकारको यस प्रकारको तानाशाही तथा निरंकुश प्रवृत्तिको हामी घोर विरोध तथा भण्डाफोर पर्दछौं । भन्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ ।

जनमोर्चाले एमसीसी सम्झौताको व्याख्यात्मक टिप्पणीलाई पनि औचित्यहीन भनेको छ । 'एमसीसी सम्झौता संसद्द्वारा षड्यन्त्रमूलक ढङ्गबाट पारित गर्नुका साथै सम्झौताको व्याख्यात्मक प्रस्ताव पनि पारित गरिएको छ। उक्त कथित व्याख्यात्मक प्रस्तावलाई समेत हाम्रो बैठकले औचित्यहीन ठहर गरेको छ,' जनमोर्चाले भनेको छ । यससँगै जनमोर्चाको केन्द्रीय सचिवालयले बैठकले एमसीसी विरुद्ध देशव्यापी विरोध कार्यक्रम गर्ने भएको छ । १९ देखि २२ फागुनसम्म जिल्ला र स्थानीय तह स्तरमा विरोध सभा गर्ने जनाएको छानेपाली समाज विभाजित गराउने काम भएकोमा छ । गठबन्धनबाट अलग भए पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन । केन्द्रीय सरकारमा तर्साउने काम भएको छासरकारको काम अहिलेको सरकार जोगाउने र माओवादी केन्दका कार्यकर्ता जोगाउने उपाय निकेतनले हो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : मानसिक तनाव |
| कर्कट | : झमेला बढ्ने | मकर | : मन चञ्चल |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# दृष्टिविहीन अमितद्वारा पुनः सगरमाथा आरोहणको तयारी

पोखरापत्र संवाददाता
बागलुङ, १६ फागुन

बागलुङका न्यून दृष्टि भएका अमित केसीले आगामी चैतमा पुनः सगरमाथा आरोहण गर्ने हुनुभएको छ । एक वर्षअघि सगरमाथाको आठ हजार मिटर उचाइमा पुगेर फर्किनुभएका उहाँले चैतमा पुनः सगरमाथा आरोहण गर्ने तयारी थाल्नुभएको हो ।

आइतबार बागलुङमा पत्रकार सम्मेलन गर्दै केसीले सगरमाथाको चुचुरो चुम्ने आफ्नो लक्ष्य कायम रहेको जानकारी दिनुभयो । जैमिनी नगरपालिका-४ सर्कुवाका केसीले सगरमाथा आरोहणको सम्पूर्ण तयारी पूरा भए पनि आर्थिक अभाव परेकाले सहयोगी मनलाई सहयोग गरिदिन आग्रहसमेत गर्नुभएको छ । "अघिल्लो पटक हावाहुरीका कारण बीचमा एक दिन रोकिन नपरेको भए म चुचुरोमा पुग्थेँ, अक्सिजन लिएर ४८ घण्टा बस्नुपर्ने, थप अक्सिजन लिने पैसा थिएन", उहाँले भन्नुभयो, "यस पटक ५० हजार डलर खर्च हुन्छ, सहयोग गरिदिन म सबैसँग आग्रह गर्दछु ।" उहाँले नेपालमा सगरमाथा आरोहण गर्ने पहिलो दृष्टिविहीन व्यक्ति बन्न आफू आतुर रहेको बताउनुभयो ।

केसीले लायन्स क्लब इन्टरनेशनल १०० वर्ष पुगेको अवसरमा आफूले सन् २०१७ मा क्लबको झण्डा बोकेर सगरमाथा आरोहणमा गएको तर चौथो आधार शिविरमा पुगेर अक्सिजन समाप्त भएर फर्किएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "मैले त्यतिबेला पनि सगरमाथाको सपना त्यहीँ छोडेर शरीर लिएर फर्केको छु भनेको थिएँ । मैले त्यतिबेला पनि पुनः आउने भनेको थिए । अहिले सगरमाथा चढ्ने तयारी सुरु गर्दैछु ।"

सन् २०२१ मा उद्योग वाणिज्य सङ्घको झण्डा बोकेर आठ हजार मिटरमाथि पुगेका केसीले अक्सिजन र पैसा सकिँदा फर्किनुपरेको गुनासो गर्नुभयो । मानसिकरुपमा तयारी अवस्थामा भए पनि आर्थिक अभावको कारणले यो अभियान सङ्कटमा परेको उहाँले सुनाउनुभयो । उहाँले यो अभियान सफल पार्नको लागि आर्थिक सहयोग गर्न आग्रह सबैमा आग्रह गर्नुभएको छ ।

# संरक्षणमा चासो नदिँदा लोप भए पानीघट्ट

पोखरापत्र संवाददाता
म्याग्दी, १६ फागुन

विकास र प्रविधिको पहुँचसँगै संरक्षणमा चासो नदिँदा म्याग्दीका ग्रामीण भेगबाट रैथानै सीप र प्रविधिको प्रयोग गरी निर्माण गरिएका पानीघट्टलगायतका मौलिक सम्पदा लोपहुँदै गएका छन् ।

एक दशक अगाडिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा अत्यधिकरुपमा प्रयोग हुने गरेका पानीघट्ट अहिले लोप भएका हुन् । पानीघट्ट अन्न पिस्ने परम्परागत प्रविधि हो । गाउँ-गाउँमा पानी तथा बिजुलीमार्फत सञ्चालन हुने मिल पुगेपछि यो प्रविधि लोप हुँदै गएको हो । गाउँलेले पिसानी (अन्न पिस्ने काम) का लागि घट्ट भरपर्दो माध्यमका रुपमा प्रयोग गर्दै आइरहेकामा पछिल्लो समय मिलनै यसको उचित विकल्प बनेको छ । खासगरी पानीघट्ट खोला तथा नदि किनारमा बनाइने गरिन्थ्यो । खोलाको पानीलाई नहर निर्माण गरी केही माथिदेखि ठूलो पाइपमार्फत फिर्केसम्म झर्ने गरी बनाइन्थ्यो र पानीले फिर्के घुमाएपछि अन्नपात पिस्ने गर्थ्यो । अहिले यो प्रचलन हराइसकेको छ । यस्ता पानी घट्ट ठाडो खोलामा पनि बनाइने गरेको पाइन्छ । अहिले यदाकदा पहिलेका घट्ट जीर्ण अवस्थामा देखिन्छन् । अहिलेसम्म पनि मिलको पहुँच नपुगेको ठाउँमा यसको प्रयोग हुने गरेको छ । अधिकांश ठाउँमा मिल नै सञ्चालनमा आएका छन् । यसले मानिसलाई सजिलो बनाइदिएको छ । मालिका गाउँपालिका-२ रुम गाउँका स्थानीयवासीले केही वर्ष अगाडिसम्म पानीघट्टमै आटोपिठो पिसेर उपभोग गर्ने गर्थे । अहिले गाउँमा दुई/तीन ठाउँमा मिल सञ्चालनमा आएपछि घट्ट प्रयोगविहीन बनेका छन् । प्रयोगविहीन बनेको घट्ट जीर्ण बनेका छन् भने त्यसका पाटपूर्जा पनि कामै नलाग्ने गरी बिग्रिएका छन् । मिलको बढ्दो प्रयोग हुन थालेपछि पानीघट्ट प्रयोग हुन छाडेको स्थानीयवासी रणबहादुर बुढाको भनाइ छ । उहाँले पहिले-पहिले पानीघट्टमा आटोपिठो पिस्ने गाउँलेको घुँइचो लाग्ने गरेको भन्दै अहिले सबै मिलमै कुटानीपिसानीको लागि जाने गरेको बताउनुभयो । जिल्लाका विभिन्न ठाउँमा आधुनिक कुटानीपिसानी मिल सञ्चालनमा आएपछि पुराना प्रविधिबाट निर्माण गरिएका पानीघट्ट हराउन थालेका हुन् । गाउँमा जताततै बिजुली बल्न थालेपछि कुटानीपिसानी मिलकै कारण पानीघट्टको माग कम हुँदै गएको दुई दशकदेखि पानीघट्ट सञ्चालन गर्दै आएका मालिका गाउँपालिका वडा नं २ रुमका पृथु विकले बताउनुभयो ।

त्यसका साथै एक दशक अघिसम्म परम्परागत ग्रामीण जीवनको अभिन्न अङ्गजस्तै बनेको पानीघट्ट भावी पुस्ताको जानकारीका लागि पनि संरक्षण गर्नु आवश्यक रहेकाले घट्ट सञ्चालकलाई आवश्यक अनुदानको व्यवस्था गरेर भए पनि यस्ता रैथाने सीपको संरक्षण गर्नुपर्ने म्याग्दीको इतिहास तथा संस्कृतिका अध्यता कृष्णबहादुर बानियाँ बताउनुहुन्छ । पुरानो प्रविधि र सीपसँग जोडिएको विषयलाई संरक्षण गर्नुपर्ने आवाज उठिरहेका बेला यस्ता सम्पदा र प्रविधिको जर्गेनाका लागि स्थानीय सरकार पनि चनाखो रहनुपर्ने मालिका-२ रुमका वडाअध्यक्ष नरबहादुर पुन बताउनुहुन्छ । म्याग्दीको पश्चिमी क्षेत्रका गुर्जा, रुम, ओखरबोटलगायतका गाउँमा फाटफुट पानी घट्ट चल्ने गरेका छन् ।

# ब्लड क्यान्सरपीडितलाई सहयोग

पोखरापत्र संवाददाता
लमजुङ, १६ फागुन

लामो समयदेखि ब्लड क्यान्सरपीडित २९ वर्षीय विकास घिमिरेको उपचारका लागि न्यू इरा बोडिङ स्कुलले आर्थिक सहयोग गरेको छ ।

बेँसीशहर नगरपालिका-८ मा रहेको उक्त स्कुलले आफ्ना विद्यार्थी, शिक्षक, कर्मचारी तथा सञ्चालकबाट आर्थिक रकम सङ्कलन गरी रु ४३ हजार ५०० घिमिरेको उपचारका लागि आइतबार सौँपे आर्थिक सहयोग गरेको हो ।

एक कार्यक्रमबीच उक्त रकम घिमिरेका बहिनी शर्मिला न्यौपानेलाई सो स्कूलका सञ्चालक किरण श्रेष्ठले हस्तान्तरण गर्नुभयो ।

# जन्मदिनको अवसरमा स्कुलका विद्यार्थीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १६ फागुन

पोखरा ६ बैदाम निवासी समाज सेवी तथा पर्यटन ब्यवसायी प्रभा पौडेल सुवेदीले आफ्नो जेष्ठ सुपुत्र अपार राज सुवेदीको जन्मदिनको अवसरमा विधार्थीहरुलाई कापि कलम हस्तान्तरण गरि जन्मोत्सव मनाएकी छन । आइतबार एक कार्यक्रमको आयोजना गरी पोखरा ६ बैदाममा अवस्थित श्री ताल बाराही उच्च मा.विमा अध्यनरत करिब २५ जना जेहेन्दार छात्रा तथा छात्रहरुलाई कापि कलम सहित स्टेशनरी समान प्रदान गरेकी थिइन । कार्यक्रममा उनले जन्मदिन, विवाह उत्सव जस्ता कार्यक्रमहरुमा गरिने अनावश्यक फजुल खर्चको रकमलाई कटाएर विद्यालय जस्तो पवित्र स्थलमा सहयोग गर्ने सकेमा विद्यालयमा अध्यनरत विद्यार्थिहरुको मुहारमा खुशि छाउने बताउदै, विद्यालयमा सहयोग गर्नु पर्ने कुरामा जोड दिइन । उच्च शिक्षा अध्यनका लागि अष्ट्रेलियमा अध्यनरत छोरा अपार राज को इच्छा र चाहना अनुसार नै आफुले सहयोग गरेको सुनाइन । उपस्थित विद्यार्थिहरुलाई राम्रो सगँ अध्यन गरी योग्य नागरिक बन्न आग्रह गर्दै, आउने दिनहरुमा पनि विद्यालय प्रति सहयोग गर्ने बचन दिएकी थिइन । विद्यालयका प्र.अ तारा प्रसाद पोखरेलले सहयोग गर्न ठुलो धर्म भन्ने उद्देश्य राखेर सहयोग गरेकोमा धन्यबाद ज्ञापन गर्दै, सहयोग दाता सुवेदीलाई आगामी दिनहरुमा पनि सहयोगी हात लिएर आउन आग्रह गरे । सन्जिता न्यौपानेले सहजिकरण गरेको कार्यक्रममा समाज सेवी नेत्रपाणी न्यौपाने, सन्तोष पौडेल, विकास लामिछाने र पविराज बरालले लगाएतले राम्रो कामको सुरुवात भनि आफ्नो भनाइ राखेका थिए ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९८५/03/१५ गते

स्वर्गारोहणः वि.स. २०७८/११/०५ गते

**स्वः बसुन्धरी खत्री**

**यस बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका पूर्व कोषाध्यक्ष श्री लक्ष बहादुरखत्री / बाझापाटन मिलन मार्ग महिला समुहकी सदस्य श्री सुमित्रा खत्री तथा शुभचिन्तक बुध बहादुर, सन्तमाया, चन्द्रबहादुर, गाले, झ्याम बहादुर, द्रुपती, गणेश बहादुर, विभा, छोरीहरु देवि, रुकु र विष्णुका ममतामयी आमा / सासुआमा बसुन्धरी खत्री सदा मिठो बोल्ने अत्यन्त सरल नम्र स्वभाव भएकी व्यक्तिको ९३ वर्षको उमेरमा भएको असामयिक निधनले सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं । यो दुःखको घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शाक्ति, ईश्वरले प्रदान गरुन भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

| | |
|---|---|
| सम्झना कार्की | रामराज सिग्देल |
| अध्यक्ष तथा | अध्यक्ष तथा |
| **बाझापाटन मिलन मार्ग महिला समूह** | **बाझापाटन मिलन मार्ग टोल विकास समिति** |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९८५/03/१५ गते

स्वर्गारोहणः वि.स. २०७८/११/०५ गते

**स्वः बसुन्धरी खत्री**

**यस श्री जनकल्याण समितिका आजिवन सदस्यहरु बुध बहादुर, लक्ष बहादुर, शन्तमाया र सुमित्रा खत्री एवं हाम्रा शुभेच्छुकहरु चन्द्र बहादुर, गणेश बहादुर, विभा, विमा खत्री छोरीहरु देवि, रुकु र विष्णुका माया, ममता र स्नेहीकी खानी प्रातः स्मरणीय आमा / सासुआमा बसुन्धरी खत्री को ९३ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं । यो दुःखको घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा शोकाकुल परिवारजन, ईष्टमित्र, बन्धुवान्धव, कुल कुटुम्बहरु सबैमा धैर्यधारण गर्ने शाक्ति, ईश्वरले प्रदान गरुन भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

| | | |
|---|---|---|
| गोविन्द प्रसाद आचार्य | एवम् | देवराज बराल |
| महासचिव | | अध्यक्ष |

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धको स्थान**

# हिउँ हटाएर सडकखण्ड सञ्चालन

**रासस**
**मनाङ, १६ फागुन**

भारी हिमपातका कारण एक हप्तादेखि बन्द रहेको मनाङको भित्री सडकखण्डमा आवातजावात सञ्चालन भएको छ।

भारी हिमपातपछि पुरिएको सडकको हिउँ पन्छाएपछि सवार ीसाधन पुनः सञ्चालनमा आएको छ। गत फागुन ८ गते आइतबार बिहानदेखि लगातारको हिमपातले जिल्लाको अधिकांश भेगमा बाक्लो हिउँ जमेको थियो । हिउँका कारण सडक अवरुद्ध भएपछि छ दिन लगाएर जिल्लाका सडकका हिउँ हटाएर सवारी आवागमन सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार मनाङ डिस्याङ गाउँपालिकाको तलेखुदेखि खाङ्सारसम्म हिउँ पन्छाइएको छ । जिल्लाका केही स्थानीयले जेसिबी र जनप्रतिनिधि, प्रहरीको सहयोगमा सडकमा जमेको हिउँ पन्छाएपछि यातायात सञ्चालनमा आएको प्रजिअ आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “जमेको हिउँ पन्छाएर सडक खुलेपछि आवातजावत हुन थालेकोछ।यसलेआवातजावतमा सहज बनाउनेछ।”

हिउँका कारण दैनिक उपभोग्यलगायत खाद्यान्न तथा मालसामान ढुवानीमा समस्या हुँदै आएको थियो। हिउँ पन्छाउन गाउँपालिकाका जनप्रतिनिधि आफैं मैदानमा खट्नुभएको आचार्यलेबताउनुभयो।हिमपातले हिमाली क्षेत्रका किसानमा उत्साह छाएको छ। तर सडकमा लामो समयसम्म हिउँ रहँदा स्थानीयले सास्ती खेप्नु परेको उनीहरु बताउँछन् । यस्तै हिउँ पन्छाएलगत्तै प्रमुख जिल्ला अधिकारी आचार्यको नेतृत्वमा जिल्लावासीको अवस्थासमेत विभिन्न स्थानमा गएर अनुगमन गरिएको छ । चिसोमा जनजीवनको अवस्थाको निरीक्षण गर्दा अतिविपन्न परिवारलाई न्यानो कपडासमेत वितरण गरिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ।

# भ्रामक सूचना र दुष्प्रचारले निर्वाचन र लोकतन्त्रलाई हानी पुर्‍याउँछ : राजदूत वेरी

**रासस**
**काठमाडौं, १६ फागुन**

नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डी बेरीले स्वतन्त्र र निष्पक्ष निर्वाचन दीगो लोकतन्त्रको पहिचान भएको बताउनुभएको छ।

स्थानीय तहको आगामी निर्वाचनका लागि नेपाल मतदाता अधिकार मञ्चद्वारा यहाँ आज आयोजित तीन दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम उद्घाटन गर्दै उहाँले चुनावका समयमा आउन सक्ने भ्रामक सूचना र मिथ्या दुष्प्रचारबाट जोगिन सबैलाई सचेत र सजग हुन सुझाव दिनुभयो।

निर्वाचनसँग सम्बन्धित भ्रामक र मिथ्या सूचनाको पहिचान र रोकथाम गर्न समाजका सबै पक्ष सचेत र सजग हुन आवश्यक रहेको बताउँदै उहाँले यस्ता दुष्प्रचारले अनलाइनलगायत सामाजिक सञ्जाललाई विचलन ल्याउने मात्र नभइ निर्वाचन र लोकतन्त्रलाई हानी पुर्‍याउने धारणा व्यक्त गर्नुभयो। राजदूत वेरीले भन्नुभयो, “भ्रामक सूचना र दुष्प्रचारले नेपाललाई प्राप्त हुने वास्तविक प्रतिफलको क्षमतामासमेतमा असर पार्छ, कोभिड-१९ खोपबारे मिथ्या सूचनाकाकारणअमेरिकालगायतका मुलुकले ठूलो क्षति व्यहोर्न पऱ्यो । धेरै मानिसको अकालमा ज्यान गयो ।” भ्रामक र गलत सूचनाका सन्दर्भमा नेपालको अनलाइनको अवस्था चिन्ताजनक रहेको उल्लेख गर्दै राजदूत वेरीले भन्नुभयो, “गलत सूचनाले मतदाताको सुसूचित गर्ने राजनीतिक क्षमतालाईसमेत कमजोर तुल्याउँछ ।” निर्वाचनका समयमा सूचनाको आधिकारिकताबारे विश्वासिलो पुष्ट्याई नभएसम्म अरुलाई शेयर नगर्न उहाँले सुझाव दिनुभयो। उहाँले अरु कयौ देशले शताब्दिमा गर्न नसकेको राजनीतिक रुपान्तरण नेपालले छोटो समयमै हासिल गर्न सफल भएको उल्लेख गर्नुभयो । आयोजक संस्थाका अध्यक्ष भक्त विश्वकर्माले उक्त प्रशिक्षक प्रशिक्षणमा मुलुकका सातै प्रदेशका १८ देखि ३० वर्ष उम्मेर समूहका समावेशी आधारमा छनोट गरिएका प्रशिक्षार्थीको सहभागिता रहेको जानकारी दिनुभयो।

# निवारण भएन हात्तीपाइले

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ फागुन**

नागारिकले हात्तीपाइलेविरुद्धको आम औषधी सेवनमा बेवास्ता गर्दा बागलुङमा १३ वर्षको प्रयासले समेत हात्तिपाइले निवारण हुन सकेको छैन।

लगातार छ वर्षसम्म औषधि सेवनबाट निवारण हुने हात्तीपाइले रोगका लागि नागरिक जिम्मेवार नबन्दा १३ वर्षमासमेत निवारण भएको छैन । यस रोगबाट बच्न लगातार छ पटक हात्तीपाइले रोगविरुद्धको औषधि खानुपर्छ तर बागलुङमा आम औषधि सेवनमा नागरिक जिम्मेवारी नबन्दा समस्या भएको छ। लगातार छ पटक औषधि खाएमा मात्र रोगको जोखिमबाट बच्न सकिने भए पनि बागलुङमा पुन १३औं पटक यही फागुन २८ गतेबाट आम औषधि सेवन अभियान सुरु गरिने भएको छ । १३औं पटकको आम हात्तीपाइले अभियान सुरु गर्नुभन्दा पहिला नारायण स्थानमा आठ जना र कुश्मिसेरामा दुई जनामा हात्तीपाइलेको सङ्क्रमण देखिएका कारण पुन १३औं पटकको आम औषधि अभियान सुरु गर्न थालिएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंले जानकारी दिनुभयो।

“नेपालभर निवारणको चरणमा रहेको हात्तीपाइले बागलुङसहित जम्मा १० जिल्लामा मात्रै निवारण हुन बाँकी रहेको छ, सुरुको चरणमा स्वास्थ्य स्वयमंसेविकाको निगरानीमा खुवाइएको थियो, पछि निवारण नभएको भन्दै स्वास्थ्यकर्मीको निगरानीमा खुवाइयो” गुरौंले भन्नुभयो, “सबैको प्रयासलेनै बागलुङमा हात्तीपाइले निवारण गर्न सकिन्छ, नागरिकले औषधि नखाने समस्या छ, सहरिया र शिक्षित व्यक्तिबाटै बेवास्था भएको छ, अब एक पटक सबैले आमऔषधि सेवनमा भाग लिऔं, हात्तीपाइले निवारण गरौं ।” बागलुङ नगरपालिका-१४ नारायणस्थान र जैमिनी नगरपालिका-१ कुश्सिेरामा हात्तीपाइले निवारण गर्न नसक्दा सिङ्गो जिल्लामा औषधि खुवाउनुपर्ने अवस्था रहिआएको छ। सङ्क्रमण दुई प्रतिशत प्रतिशत भन्दा कम भएमा जनस्वास्थ्य समस्याका रुपमा नलिने र निवारणको मान्यता दिने प्रचलन रहेकामा त्यो हुन नसकेकाले बागलुङमा १३औं पटक हात्तीपाइले अभियान सञ्चालन गर्नुपर्ने अवस्था आएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८५/०३/१५ गते

स्वर्गारोहणः
वि.स. २०७८/११/०५ गते

स्वः बसुन्धरी खत्री

सत्य सेवा आमा समुहका साधारण सदस्य सुमित्रा खत्रीको सासुआमा **बसुन्धरी खत्री** को ९३ वर्षको उमेरमा भएको असामयिक निधनले यस समुह अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। यो दुःखको घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शाक्ति, ईश्वरले प्रदान गरुन भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
**नागेश्वर भजन कृतन समुह परिवार**

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
**सत्य सेवा आमा समुह परिवार**

पोखरा महानगरपालिका-१३ बाँझापाटन



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९८५/०३/१५ गते

स्वर्गारोहणः
वि.स. २०७८/११/०५ गते

स्वः बसुन्धरी खत्री

हाम्री माया, ममता र स्नेहीकी खानी प्रात स्मरणीय पुजनीय आमा/ हजुरआमा **बसुन्धरी खत्री** को ९३ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेक, संघसंस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
**बुध बहादुर/ सन्तमाया खत्री**
**लक्ष बहादुर/ सुमित्रा खत्री**
**चन्द्र बहादुर/ हेमा खत्री**
**गणेश बहादुर/ विभा खत्री**

**छोरीः**
**देवी**
**रूकु**
**विष्णु**

**एवं सम्पूर्ण १९ जना**
**नाति/ नातिनाहरू**

**साथै खत्री परिवार पोखरा-१३ बाझापाटन**

**पूनश्चः** मिति २०७९ फागुन १७ गते मंगलबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं।